प्रप्रवहंति देवीरुदिदाभ्यः शुचिरापूतएमि ॥ दीक्षास्तपसोस्तनूरासि तान्त्वा
सिवा ँ सग्मांपरि दधेभद्रंवर्णं पुष्यन् ॥ दध्ना ॥ दधिक्राव्णोअकारिषं विष्णोरश्वस्य
वाजिनः ॥ सुरभिन्नोंमुखाकरत् प्रणत आयू ँ षितारिषत् ॥ कामतो कामतो वापि
यन्मया पूर्व संचितम् ॥ तत्सर्वं विलयंयान्तु दधिस्नाने प्रदोभव जलेन ॥ आपो
अस्मानिति ॥ घृतेन ॥ घृतंमिमिक्षेघृतमस्य योनिर्घृतांश्रितोघृतमस्यधाम ॥
अनुष्ववधमावह मादय स्वस्वहा घृतंवृषभव्व क्षिहव्यम् रसाना मुत्तमंत्वाज्यं देवानां
च सदाप्रियम ॥ तेनत्वं स्नापितोदेव निधिकान्तिप्रदोभव ॥ जलेन ॥ आपो
अस्मानिति ॥ मधुना ॥ मधुवाता ऋतायत मधुक्षरंतिसिन्धवः ॥ माध्वीर्नः
संत्वोषधिः ॥ मधुनक्त मुतोषसोमधुमत्पार्थिव ँ रजः ॥ मधुद्यौरस्तुनः पिता ॥
मधुमन्नो वनस्पति मधुमां अस्तुसूर्यः माध्वी र्गावो भवन्तुन ॥ यस्य धारा

स०
मात्रेण तृप्तिंयान्तिपितामहाः ॥ मधुनीस्नापितो देव नित्यं शोकहरो भव ॥
जलेन आपो अस्मानिति ॥ सर्करया ॥ अपा ँ रसमुद्वयस ँ सूर्येसत ँ
२ समाहितम् अपा ँ रसस्ययो रसस्तम्बो गृह्णाम्यूत्तम मूपयामगृहीतोसीन्द्रा
यत्वाजुष्टङ्ग् गृह्णाम्येषते योनिरिन्द्रायत्वाजुष्टतमम् ॥ यमलोकभयात् त्रस्तः
शरणंत्वंयतः प्रभो ॥ खण्डस्नानेन देवशमां कुरुष्व सुखान्वितम् ॥ जलेन ॥
आपो अस्मानिति ॥ आचमनीयं ॥ ततो विराड जायत विराजोऽअधि
पूरुषः सजातोऽअत्यारच्यत पश्चाद्भूमिमथोपुरः ॥ कर्पूरवासितं तोयंमन्दाकि
न्याः समाहृतं ॥ आचम्यतां जगन्नाथ मयादत्तंहि भक्तितः वस्त्रम् ॥ तस्माद्य
ज्ञात्सर्वहुतः संभृतंपृषदाज्यम् ॥ पशूस्तांश्चक्रे वायव्यानारण्या ग्राम्याश्चये ॥
पीताम्बरयुगं देवसर्वकामार्थ सिद्धये ॥ मयानिवेदितं भक्त्या गृहाणसरसत्तम ॥ ३

यज्ञोपवीतम् ॥ तस्माद्यज्ञात्सर्वहुतः ऋचः सामानिजज्ञिरेछन्दा ँ सिजज्ञिरेतस्याद्य
जुस्तस्मादजायत ॥ दामोदर नमस्तेस्तुत्राहिमां भवसागरात् ॥ ब्रह्मसूत्रंसोत्तरीयं
गृहाणपरमेश्वर ॥ गंधम् ॥ तंयज्ञंबर्हिषिप्प्रौक्षन् पुरुषञ्जात मग्रतः ॥ तेनदेवा
ऽअयजन्तसाध्या ऽऋषयश्चये ॥ श्रीखण्डचन्दनंदिव्यंगन्धाढ्यं सुमनोहरम् ॥
विलेपनंसुरश्रेष्ठ प्रीत्यर्थंप्रतिगृह्यताम् ॥ तिलयवाक्षताः ॥ धान्यराजाः स्वमांगल्या
विष्णु प्रीतिकरायवाः ॥ तस्मादेतत् प्रदानेन ममास्त्वविकलंफलम् ॥ पुष्पं ॥
श्रीश्चतेलक्ष्मीश्च पत्न्या बहोरात्रेपार्श्वे नक्षत्राणिरूपमश्विनौव्यात्तम् ॥ इष्णण
न्निषाणामुम्म ऽइषाण सर्वलोकम ऽइषाण ॥ इमानि पुष्पाणि मनोहराणि
सुरासुराणामपिदुर्लभानि ॥ कल्पद्रुमादि द्रुमजानि तानि पुष्पांजलिर्मे स्तुसुखाय
नित्यं ॥ धूपं ॥ ब्राह्मणोस्य मुखमासीद्बाहूराजन्यः कृतः उरूतदस्ययद्वैश्यः

पद्भ्या ँ शूद्रो ऽअजायत ॥ वनस्पतिरसोदिव्योगंधाढ्यो गन्ध उत्तमः ॥ आघ्रेयः १०
सर्वदेवानां धूपोयंप्रति गृह्यताम् ॥ दीपं ॥ चन्द्रमामनसोजातश्चक्षोः सूर्योअजायत ॥
श्रोत्राद्वायुश्चप्प्राणश्च मुखादग्निरजायत ॥ घृतवर्तिसमायुक्तं वन्हिनायोजितंमया ॥
दीपंगृहाण देवेश त्रैलोक्यतिमिरापहम् ॥ नैवद्यं ॥ नाभ्या आसीदन्तरिक्ष ँ
शीर्ष्णोद्यौः समवर्तत ॥ पद्भ्यांभूमिर्द्दिशः श्रोत्रात्तथा लोकान्न कल्पयन् ॥ नैवेद्यं
गृह्यतांदेवभक्तिंमेह्यचलांकुरु ॥ इप्सितंमवरं देहिपरत्र चपरांगतिम् ॥ अपूर्व त्वदीयं
वस्तु गोविन्द तुभ्यमेवसमार्वितम् ॥ गृहाणसुमुखो भूत्वा प्रसीदपुरुषोत्तम ॥ ४
रम्भाफलं घृतंक्षीरं गोधूमस्य च चूर्णकम् ॥ जातिपत्रलवंगैला शर्करागुड
मिश्रितन् ॥ सपादंसर्वभक्ष्याणि एकीकृत्य निवेदितम् ॥ मयाश्रद्धावता देवगृहाण
जगदीश्वर ॥ आचमनीयम् ॥ यत्पुरुषेणहविषा देवायज्ञ मतन्वत ॥ वसन्तोस्यासी

॥

दाज्यङ्गृह्यम ऽइध्म्मः शरद्धविः ॥ कपूरवासितं तोयंमन्दाकिन्याः समाहृतम् ॥
आचम्यतां जगन्नाथ मयादत्तं हि भक्तितः चन्दनादिकरो द्वर्त्तनम् ॥ फलम् ॥
इदंफलंमया देवस्थापितं पुरतस्तव ॥ तेनमेसफलावाप्ति र्भवेज्जन्मनि जन्मनि ॥
ताम्बुलम् ॥ पूगीफलंसताम्बूलं नागवल्ली दलान्वितम् ॥ भक्त्यादत्तं मयादेव
ताम्बूलं प्रतिगृह्यताम् ॥ उपायनम् ॥ हिरण्यगर्भगर्भस्थं हेमबीजं बिभावसोः ॥
अनन्तपुण्य फलदमतः शान्तिंप्रयच्छमे ॥ चामरम् ॥ शशांककरसंकाश हेमडिण्डिर
पांडुर ॥ प्रोत्सारयाशुदुरितं चामरामरवल्लभ ॥ आदर्शनं ॥ दर्शनेन त्वमादेशनूनं
मङ्गलदायकः ॥ सौर्यसौभाग्यसत्कीर्ति निर्मलज्ञानदोभव ॥ यथाशक्तिऽजपंकृत्वा
निराजनम् ॥ पंचवर्त्ति समायुक्तं घृतेनज्वालितं मया ॥ आरार्त्तिकप्रदानेनसंतुष्टो
भव सर्वदा ॥ चन्द्रादित्यौच धरणी बिद्युदग्निस्त्तथैव च ॥ त्वमेवसर्वज्योतींषिं

तेननीराजयाम्यहम् ॥ कर्पूरदीपं ॥ सूर्येन्दुतारकवन्हितेजः पुञ्जविराजितम् ॥ कर्पूर दीपं देवेश प्रतिगृह्णसुरेश्वर ॥ अग्निर्ज्योति ज्योतिरग्निः स्वाहासूर्य्यो ज्ज्योतिर्ज्यो तिः सूर्य्य स्वाहा अग्निर्व्वर्च्चोज्ज्यो तिर्व्वर्च्चः स्वाहा सूर्य्योव्वर्चोज्ज्यो तिर्व्वर्च्चः स्वाहा ज्योतिः सूर्य्यः सूर्य्योज्योतिः स्वाहा ॥ पुष्पाञ्जलिः॥ नमस्ते विश्वरूपाय शंखचक्रगदाधर ॥ पद्मनाभायदेवाय ऋषीकपतयेनमः ॥ नमस्ते नन्तरूपायत्रि गुणात्मविभाविने ॥ प्रदक्षिणा ॥ यानिकानि च पापानि ब्रह्महत्या शतानिच ॥ तानितानि प्रणश्यन्तु प्रदक्षिण पदेपदे ॥ नमस्कारः ॥ सत्यनारायणंदेव बन्देहं कामदंविभुम् ॥ लीलयाचततंविश्वं येनतस्मैनमो नमः प्रणमामिसदा सत्य सत्यनारायणंगुरुम् । बद्धाञ्जलिः पठेत् अमोघं पुण्डरीकाक्षं नृसिंहदैत्यसूदनम् ॥ ऋषीकेश जगन्नाथ वागीशवरदायकं ॥ योगेश्वरंगुणातीत गोविन्द गरुडध्वजम् ॥

जनार्दनमजानन्दं श्रीवल्लभमधीश्वरम् ॥ सत्यनारायणंदेवं वंदेहंकामदंविभुम् ॥
लीलया चततंविश्वंयेनतस्मै नमोनमः ॥ प्रणमामि सदासत्यनारायणखेः परम् ॥
दुर्गमेत्रिषमे घोरे शत्रुभिः परिपीडिते । बिबिधापत्सु घोरेषुदुःखष्वपिपचक्षयम् ॥
बिनाशाय सदादेवतत् सर्वमुपसर्गकम् ॥ त्वन्माया मोहिताः सर्वेब्रह्माद्यास्त्रि
दिवौकसः ॥ नजानन्ति गुणंरूपं तवाश्चर्य मिंदप्रभो ॥ मूढोहंमाक्कथं जानेमोहि
तस्तवमायया ॥ प्रसीदपूजितो भक्त्यायथा बिभवबिस्तरैः ॥ पुत्रंवित्तंचमच्चित्तं
पाहिमांशरणागतम् ॥ शरणंतंप्रपद्येहंसर्व कामार्थ सिद्धये ॥ प्रणमामिसदासत्यदेव
नारायणं गुरुम् ॥ विशेषार्घंदद्यात् ॥ ओंजातो दैत्यबधार्थाय देवानांपालनाय च ॥
तस्मैदेवाय सत्यायसगुणायमहात्मने ॥ व्यक्ताव्यक्त स्वरूपाय हृषीकपतयेनमः ॥
गृहाण घ्यँमयादत्तं रमया सहितः प्रभो ॥ क्षमार्पणम् । त्राहिमांसर्वगः श्रीशहरे

संसारसागरात् ॥ पुष्कराक्ष निमग्नोह मायाविज्ञान मत्सरात् त्राहिमांदेव देवेश
त्वत्तो नास्ति.तिरक्षिता ॥ शंखजलंनिवेदयेत् ॥ यद्दत्तं भक्तिमात्रेण पत्रंपुष्पंफलं
जलम् । निवेदितं च नैवेद्य गृहाणचानुकंपया । मंत्र हीनं कृया हीनंविधिहीनंसु
रेश्वर ॥ यत्पूजितं मयादेव परिपूर्णंतदास्तु मे ॥ यत्सर्वं साधुवाकर्मयद्यदाचरितं
मया ॥ तत्सर्वंक्षम्यतां देव गृहाण परमेश्वर ॥ अर्घंपराङ्मुखं कृत्वा ॥ सत्य
नारायणपाद्य पात्रायनमः अर्घपात्रायनमः ॥ ब्राह्मणायनमइति पूजनंकृत्वाकथां
श्रुत्वाजनैःसह ॥ पूर्णपात्रंकृत्वाविप्रायदक्षिणांदद्यात् ॥ तत्रसंकल्पः ॥ ओंतत्सदि
त्यादि० ममश्रुतिस्मृतिपुराणोक्तफलावाप्तिपूर्वक मनोवाञ्छासिध्यर्थं सत्यनारायण
व्रताङ्गत्वेन कृतसूर्यदीपकलश गणेशगणपत्यादिवनस्पत्यन्तदेवता पूजनपूर्वक
सांगसपरिवार श्रीसत्यनारायण पूजनकर्मणः प्रतिष्ठा सांगतासिध्यर्थंमिमांदक्षिणां

रौप्यंचन्द्र दैवतंताम्रं वा श्रीसूर्य देवताकंयथा नामगोत्रायययथानामशर्मणे ब्राह्मणाय तुभ्यमहं संप्रददे स्वस्तीति प्रतिबचनम्॥ अन्नंसबंशपात्रस्थं सवस्त्र फलदक्षिणम्॥ वायनं द्विजवर्याय ददामि प्रीतये तव॥ ततोदेवान् बिसर्जयेत्॥ आवाहनं न जानामि न जानामि विसर्जनम् पूजांचैवनजानामि त्वं गतिः परमेश्वर॥ गच्छ गच्छ सुरश्रेष्ठ स्वस्थानं परमेश्वर यत्र ब्रह्मादयोदेवाः तत्रगच्छसुरेश्वर॥

इति श्रीसत्यनारायण पूजाविधिः सम्पूर्णः॥

कोही एक समयमा सम्पूर्ण लोकको हित गर्न्याभयाका शौनकआदि गरियेका ऋषिहरु अत्यन्त सुन्दर नैमिषारण्यक्षेत्रमा सुन्दर सभागर्दाभया ॥ १ ॥ तेहि बीचमा अति तेजस्वी शिष्यगणले युक्तभयाका ठुला कीर्त्तिले युक्तभयाका

अथ कथाप्रारंभः ॥ एकदा मुनयस्सर्वे सर्वलोकहितेरताः ॥ सुरम्ये नैमिषारण्ये गोष्ठीं चक्रुर्मनोरमां ॥ १ ॥ तदन्तरे महातेजो व्यासशिष्यो महायशाः ॥ सूतः शिष्यगणैर्युक्तः समायातो हरिंस्मरन् ॥ २ ॥ तमायान्तं समालोक्य सूतं शास्त्रार्थ पारगम् ॥ मुनिं सर्वे समुत्तस्थुः शौनकाद्यास्तपोधनाः ॥ ३ ॥

सूतपौराणिक तेहि सभामा आउँदाभया ॥ २ ॥ सब शास्त्रमा पार गयाका ती सूतजी आयाको देखें सब मुनिहरू उठी दण्डवत् प्रणाम गर्

सूतजी पनि विष्णुभक्तभयाका ती शौनकादि मुनिलाई दण्डवत् गर्दाभया ॥ ॥ ४ ॥ बडा बुद्धिमान् भयाका ती सूतपौराणिक आफ्ना शिष्यले सहित भयाका

सोपितान्सहसाभक्त्या मुनीन्परम वैष्णवान् ॥ ननामदण्डवद्भूमौसर्वधर्मविशारदः ४ वरासनेमाहाबुद्धिस्तैर्दत्तेमुनिसत्तमः उवाचसद्सो मध्येसर्वैः शिष्य गणैर्वृत ॥५॥ तत्रोपविष्टं तं सूतं शौनको मुनिसत्तम ॥ बद्धांजलिरिमांवाचमुवाच विनयान्वितः

ती मुनिहरूले दियाका श्रेष्ठ आसनमा बस्ताभया ॥ ५ ॥ तेस आसनमा बस्ने भयाका ती सूतजीकन मुनिका बिचमा श्रेष्ठ भयाका शौनकजी नम्र भै अञ्जली बाँधी बचन बोल्दाभया, शौनकजी बोल्छन् ॥ ६ ॥

हेमहर्षे ! हे सर्वज्ञ ! कलियुग आयेपछि मनुष्यको परमेश्वरमा कुन उपायले भक्ति लाग्छ ॥ ७ ॥ कलियुगमा मनुष्य पाप कर्ममा लागेका वेदविद्याले हीन भया

शौनकउ० ॥ महर्षे सूतसर्वज्ञ कलिकाले समागते ॥ केनो।
पायेन वै भक्तिर्भवेन्नृणां महामते ॥ ७ ॥ कलौसर्वेभयिष्यन्ति
पापकर्म परायणाः ॥ वेदविद्या विहीनाश्च तेषांश्रेयःकथं भवेत् ॥
॥ ८ ॥ कलावन्नगप्राणालोकाः स्वल्पायुषस्तथा ॥ निर्धनाश्च
भविष्यन्ति नानापीडाप्रपीडिताः ॥ ९ ॥

का हुन्छन् तिन्को कल्याण कसरी हुन्छ ॥८॥ कलियुगमा मनुष्यहरू अन्नमा प्राण रहेका थोरे आयु भयाका निर्धनी अनेक प्रकारका पीडाले युक्तभयाका हुन्छन् ९॥

धर्म बडा कठिनले सिद्धहुन्छ भन्ने शात्रमा कहियेकोछ तेसकारणले कलियुगमा
धर्म कोही गर्नें छैनन् १० धर्म नाश भयाछदामा र पापकर्म प्राप्त भयामा चाटिया

प्रयाससाध्यं सुकृतं शास्त्रेषु कथितं द्विजैः ॥ तस्मात्कोपि
करिष्यन्ति कलौनसुकृतंजनाः ॥ १० ॥ सुकृतेषुविनष्टेषु प्रवृत्ते
पापकर्मणि ॥ सवंशाः प्रलयंसर्वेगमिष्यन्तिदुराशयाः ॥ ११ ॥
स्वल्पश्रमैरल्पवित्तैरल्पकालैश्चसत्तम ॥ यथाभवेन्महापुण्यं
तथाकथयसूतनः ॥ १२ ॥

चित्त भयाका पुरुषहरू आफ्ना वंश सहित नाश हुन्छन ॥ ११ ॥ हे सूतजी थोरै
परिश्रमले थोरै धनले थोरै कालले ठुलो पुण्य जसरी हुन्छ सो हामीहरूलाई भन

जस्का उपदेशले गरिकन जो मनुष्य पुण्य अथवा पाप गर्छ सो उपदेश गर्ने पुरुष पनी पुण्य पापको भाजन गर्ने हुन्छ भन्ने शास्त्रमा निश्चय गरियेको छ ॥ ॥१३॥ पुण्यको उपदेशगर्न्या अर्कालाई छल न गर्न्या धर्मात्मा पुरुष सँग बिरोध

यस्योपदेशतः पुण्यंपापंवाकुरुतेजनः ॥ सयद्भागीभवेन्मर्त्य इतिशास्त्रेषु निर्णयः ॥ १३ ॥ पुण्योपदेशीसदयः कैतवैश्चविवर्जितः ॥ अपापान विरोधीयश्चत्वारः केशवोपमाः ॥ १४ ॥ ज्ञानं संप्राप्य संसारे यः परेभ्यो न यच्छति ॥ ज्ञानरूपीहरिस्तस्मैप्रसन्नइवनेक्ष्यते ॥ १५ ॥

न गर्न्या ई चार जना बिष्णु तुल्य हुन् भनी जान्नू १४ आफूले ज्ञान पाइकन अर्कालाई दियेन भने ज्ञानस्वरूप भगवान् तेसलाई प्रसन्न भयेर हेर्दैनन् ॥१५॥

ज्ञानरूपी रत्नले र अरू रत्नले अर्कालाई जो मनुष्य सन्तोष गर्छ सो मनुष्य हरिरूप धारण गर्न्या हो भनी जान्नू ॥ १६ ॥ वडा बुद्धिमान् भयाका हे सूतजी! व्रतगर्नाले भयो तपस्या गर्नाले भयो के इष्ट फल पाइन्छत्यो सब सुन्नाको इच्छा

ज्ञानरत्नैश्चरत्नैश्चपरसंतोषकृन्नरः ॥ सज्ञेयःसंमतो नूनंनररूपधरोहरिः ॥१६॥ व्रतेनतपसाकिम्वाप्राप्यते वाञ्छितंफलं ॥ तत्सर्वंश्रोतुमिच्छामिकथयस्वमहामते ॥१७॥ त्वमेवमुनिशार्दूलवेदवेदाङ्गपारगः॥ त्वदृशेनहिवक्तान्योयतस्त्वंव्यासशिक्षितः

गर्छु भन ॥ १७ ॥ हे सूत ! यो वात कहन तिमिलाई छोडेर अर्को कोही सक्तैन किनभने तिमि वेद वेदका अंगमा पार गयाकाछौ उसमा पनी तिमिलाई व्यासले शिक्षा गर्‍याका छन् ॥ १७ ॥

स० सूतजी भन्छन् मुनिका बीचमा श्रेष्ठ भयाका हे शौनक ! तिमी धन्य छौ क०
१० विष्णुभक्तका बीचमा पनी तिमी श्रेष्ठछौ किनभने सब कालमा लोकको हित

सूतउवाच ॥ धन्योसित्वं मुनिश्रेष्ठ त्वमेववैष्णवाग्रणीः यतः समस्तलोकानां हितमिच्छसिसर्वदा ॥१९॥ शृणुशौनकवक्षामि शृणुध्वं मुनिसत्तमाः ॥ २० ॥

इच्छा गर्छौं ॥ १९ ॥ हे शौनक ! तिमिले जो कुरा सोध्यौ सो म कहन्छू ॥२०॥ १०

॥ इति श्रीस्कन्दपुराणे रेवाखण्डे सत्यनारायण व्रतकथायां प्रथमो ध्यायः ॥

सूतजी भन्दछन् एक दिन योगी नारदजी अरूका अनुग्रहका इच्छाले नाना लोकमा घुम्दैफिर्दै मृत्युलोक यस् पृथ्वीमा आये ॥ १ ॥ तहाँ सम्पूर्ण जनालाई नाना तरहका क्लेशले संयुक्त दुःखी देखिकन नाना योनिमा जन्मेर आफ्ना

एकदानारदोयोगीपरानुग्रहकांक्षया॥पर्यटन्विविधान्लोकान् मर्त्यलोकमुपागतः ॥ १ ॥ तत्रदृष्ट्वाजनान्सर्वान् नानाक्लेश समन्वितान् ॥ नानायोनिसमुत्पन्नान्क्लिश्यमानान्स्वकर्मभिः ॥२॥ केनोपायेनचैतेषांदुःखनाशोभवेद्ध्रुवम् ॥ इतिसंचिन्त्य मनसाविष्णुलोकगतस्तदा ॥ ३ ॥

आफ्ना कर्मका दुःख भोग सही रहेका ॥ २ ॥ यस्ताको कुन् उपायले निश्चय दुःख नाश होला भन्ने चिन्ता मनमा ली विष्णुलोक बैकुण्ठमा गये ॥ ३ ॥

तहाँ नारायण देवताको दर्शन गरिकन स्तुति गर्न लागे श्वेतवर्ण भयाका चार हात भयाका शंख चक्र गदा पद्म लियाका बनमालाले शोभायमान् भयाका ॥ ४ ॥ प्रभूको नारदजी स्तुति गर्नलागे बाणी र मन देखिन् पर अग्राह्य

तत्रनारायणंदेवंशुक्लवर्णंचतुर्भुजं ॥ शंखचक्रगदापद्म बन
मालाबिभूषितम् ॥ ४ ॥ दृष्ट्वातंदेवदेवेशंस्तोतु समुपचक्रमे ॥
नारदउवाच ॥ नमस्तेवाङ्मनोतीत रूपायानंतशक्तये ॥ ५ ॥

अर्थात् ग्रहण न गरी सकीने स्वरूप छ जस्का बचनले कही न सकीने मनले जानि न सकीने अगणित शक्ति भयाका हजूरलाई नमस्कार छ ॥ ५ ॥

हे प्रभो ! आदि मध्य अन्त्य ई तिन अवस्थादेखिन् रहित् निर्गुण होई बक्सिन्छ भक्तका निम्ती सगुणात्मक अनेक अवतार धारणा गरिबक्सिन्छ सबको आदिभूत पुराणस्वरूपले भक्तको पीडा नाश गरि बक्सिन्छ ॥ ६ ॥ भनी

आदिमध्यन्तहीनायनिर्गुणायगुणात्मने ॥ सर्वेषामादिभूताय भक्तीनामार्तिनाशिने ॥ ६ ॥ श्रुत्वास्तोत्रंततो विष्णुर्नारदंप्रत्य भाषत ॥ श्रीभगवानुवाच॥किमर्थमागतोसित्वंकिंतमनसिवर्तते

स्तुति गरेको सुनी श्रीविष्णु नारद सँग भन्नु हुन्छ हे नारदमुनि ! तिमी के कामका निमित्त आयौ तिम्रा मनमा के छ ॥ ७ ॥

स० हे नारद ! म सँग तिमी भन र म पनी तिमी सँग वृत्तान्त कहुँला भनी आज्ञा क०
हुँदा नारदजी बिन्तीगर्छन् । हे प्रभो ! पृथ्विमा नाना दुःखले युक्त भयाका
३१ नाना योनिमा जन्मेर पापकर्मले पाकीरहेका दुःखी छन् ॥ ८ ॥ हे नाथ ! त्यो

कथयस्वमहाभागतत्सर्वं कथयामिते ॥ नारदउवाच ॥ मर्त्य लोकेजनाः सर्वे नानाक्लेशसमान्विताः ॥ नानायोनिसमुत्पन्नाः पच्यन्ते पापकर्मभिः ॥८॥ तत्कथंसमयेन्नाथ लघूपायेनतद्वद श्रोतुमिच्छामितत्सर्वं कृपास्तियदितेमयि ॥ ९ ॥ १२

दुःख थोरैं उपायले शान्त हुँने युक्ति म सुन्न चाहन्छू मेरा ऊपर हजुरको अनुग्रह छ भने आज्ञा गरि बक्सीयोस् ॥ ९ ॥

मनी नारदजीले बिन्ती गर्दा श्रीभगवान् आज्ञा गर्नु हुन्छ । हे वत्स ! नारद मुनि ! दुनिआहरुको अनुग्रहको इच्छा गरिकन तिमिले सोध्यौ यो वेस् हो जे गर्नाले मनुष्य मोहले छुट्छ सो तिमी सुन म भन्दछु ॥ १० ॥ एक ठुलो व्रत

श्रीभगवानुवाच ॥ साधुपृष्टंत्वयावत्सलोकानुग्रहकांक्षया ॥ यत्कृत्वामुच्यते मोहाततच्छृणुष्ववदामिते ॥१०॥ व्रतमास्तिम हत्पुण्यं स्वर्गेमर्त्येचदुर्लभम् ॥ तवस्नेहान्मयावत्स प्रकाशः क्रियतेधुना ॥ ११ ॥

पवित्र छ जुन स्वर्ग मृत्युमा पनी दुर्लभ छ हे वत्स नारद तिम्रा स्नेहले म देखिन् अब प्रकाश हुन्छ ॥ ११ ॥

जुन मनुष्य सत्यनारायणको व्रत बढिया तरहले गर्छ सो चाँडै सुखको भोग गर्छ
अन्त्यमा मुक्तहुन्छ ॥१२॥ भनी भगवान्‌को बचन सुनी नारदमुनि बिंती गर्दछन्
हे प्रभो तेस व्रतको फल के हो के विधान हो पैल्हे व्रत कस्ले गर्‌यो ॥ १३ ॥ यो

सत्यनारायणस्यैकंव्रतंसंम्यग्विधानतः॥कृत्वासद्यःसुखंभुक्त्वा
परत्रमोक्षमाप्नुयात ॥ १२ ॥ तच्छ्रुत्वा भगवद्वाक्यं नारदो
मुनिरब्रवीत नारद उवाच ॥ ।किं फलं किं बिधानञ्च कृतं केनैव
तद्व्रतम् ॥ तत्सर्वं बिस्तराद् ब्रूहि कदाकार्यंहितद्व्रतम् ॥१३॥

सब बिस्तारले आज्ञागर्नुहोस् यो व्रत कैल्हे गर्नें हो भनी नारदले बिन्ती गर्दा
भगवान् आज्ञा गर्न लाग्नू भो हे नारदमुनि ! जुन व्रत दुःख शोकादिलाई शान्त

गर्नें धन धान्य वढाउने ॥ १४ ॥ सौभाग्य संतान गर्नेंवालो सम्पूर्ण जग्गामा विजयदिने यस्तो व्रत मनुष्यले जुनसुकैदिनमा भयेपनि भक्ति श्रद्धाले युक्तभैकन

श्रीभगवानुवाच ॥ दुःखशोकादि समनं धनधान्य प्रवर्धनम् ॥ १४ ॥ सौभाग्य संततिकरं सर्वत्र विजय प्रदम् ॥ यस्मिन कस्मिन्नदिने मर्त्यो भक्ति श्रद्धासमन्वितः ॥ १५ ॥ सत्य-नारायणं देवं यजेच्चैव निशामुखे ॥ ब्राह्मणै र्बान्धवैश्चैव सहितो धर्मतत्परः ॥ १६ ॥

॥ १५ ॥ देवता सत्यनारायणजी को साँझमा पूजा गर्नु भक्त ब्राह्मण र भाई बन्धुले सहित धर्म परायण भै ॥ १६ ॥

भक्ति गरि सवासेर नैवेद्य चढाउनू के के भने केरा घ्यू दुद गहुँको पिठो ॥१७॥ क०
गहुँको पिठो नपाये चामलको पिठो चिनि र गुड इत्यादि सम्पूर्ण पदार्थ सबपाउ
४ नैवेद्यं भक्तितो दद्यात्सपादं भक्ष्य संयुतम् ॥ रम्भाफलं
घृतं क्षीरं गोधूमस्यचचूर्णकम् ॥ १७ ॥ अभावे शालि चूर्णं
वा शर्करां च गुडं तथा ॥ सपादं सर्वभक्ष्याणि चैकीकृत्यनिवे
दयेत ॥ १८ ॥ विप्राय दक्षिणांदद्यात्कथां श्रुत्वाजनैः सह ॥ १४
ततश्चबन्धुभिः सार्धंविप्रांश्च प्रतिभोजयेत ॥ १९ ॥
सवासेर सवामन आफना धन असारले भोगलगाउनु ॥ १८ ॥ ब्राह्मणलाई दक्षिणा
दिनु र भाई बन्धु सहित भै कथासुनी ब्राह्मणलाई भोजन गराऊनु ॥ १६ ॥

भोगलगायाको नैवेद्य खायी वहाँपछि नाचगान इत्यादि गर्नु सत्यनारायण स्वामीलाई बारंबार स्मरण ध्यानगर्दै आफ्ना घरमा आउनु ॥ २० ॥ यस्तो

सपादं भक्षयेद्भक्त्या नृत्यगीतादिकं चरेत् ॥ ततश्च स्वगृहं गच्छेत्सत्यनारायणं स्मरन् ॥ २० ॥ एवंकृते मनुष्याणां वाञ्छासिद्धिर्भवेद्ध्रुवम् ॥ विशेषतः कलियुगे लघूपायोऽस्ति भूतले ॥ २१ ॥

गर्नाले मनुष्यको निश्चय मनोरथ पूर्ण हुन्छ विशेष गरीकन कलियुगमा पृथ्वीमा येही सानु उपाय छ ॥ २१ ॥

॥ इति श्रीसत्यनारायणकथा गोर्खाभाषानुवादे द्वितीयोऽध्यायः ॥ २ ॥

तृतीय अध्यायमा शतानन्द ब्राह्मणको उपाख्यान वर्णन गरिन्छ सूतजी भन्दछन् हे शौनक हो ! सुन अब औरै वृतान्त वर्णन गर्छु जस्ले यो पैल्हे व्रत गर्‍यो सो काशीपुरीमा शतानन्द नामका ब्राह्मण अत्यन्त दरिद्री थिया ॥

सूतउवाच ॥ अथान्यत्संप्रवक्ष्यामि कृतं येन पुरा द्विज ॥ कश्चित काशीपुरेरम्ये ह्यासीद्विप्रोति निर्धनः ॥ १ ॥ क्षुत्तृड्भ्यां व्याकुलोभूत्वा नित्यं बभ्राम भूतले ॥ दुःखितं ब्राह्मणं दृष्ट्वा भगवान् ब्राह्मणप्रियः ॥ २ ॥

॥ १ ॥ सो भोक प्यासले व्याकुलभै नित्य पृथ्वीमा घुम्दथे ती दुःखी शतानन्द लाई देखी ब्राह्मणको प्यारा भगवान्‌ले ॥ २ ॥

बूढा ब्राह्मणको स्वरूप लियेर ती ब्राह्मण सँग आदरपूर्वक सोध्नुभयो हे ब्राह्मण तिमी अत्यन्त दुःखित छौ सँधैंकिन यस् पृथ्वीमा घुम्दछौ ? ॥ ३ ॥ भनी

वृद्ध ब्राह्मण रूपस्तं पप्रच्छद्विजमादरात् ॥ किमर्थं भ्रमसे विप्र महीं नित्यं सुदुःखितः ॥ ३ ॥ तत्सर्वं श्रोतुमिच्छामि कथ्यतां द्विजसत्तम ॥ ब्राह्मणोतिदरिद्रोऽहं भिक्षार्थंवैभ्रमाम्यहम् ॥ ४ ॥

आज्ञा गर्दा ब्राह्मण बिन्ती गर्दछन् म अत्यन्त दरिद्री ब्राह्मण छु भिक्षा माग्नाका वास्ते पृथ्वीमा घुमदछू ॥ ४ ॥

हे प्रभो ! हजुरलें केहि उपाय जानेको भया कृपा साथ आज्ञाहवस् भनी भन्दा बुढा ब्राह्मणरूप बिष्णु आज्ञागर्दाभये हे ब्राह्मण ! सत्यनारायण भगवान् मन

उपायं यदिजानासि कृपया कथय प्रभो ॥ वृद्धब्राह्मणउ० ॥ सत्यनारायणो विष्णुर्वाञ्छितार्थं फलप्रदः ॥ ५ ॥ तस्यत्वं पूजनं विप्र कुरुष्व व्रतमुत्तमम् ॥ यत्कृत्वा सर्वदुःखेभ्यो मुक्तोभवति मानवः ॥ ६ ॥

वाञ्छित फल दिन्छन् ॥ ५ ॥ तसर्थ तिमि पनी तिन्को पूजागरी व्रत गर जुन व्रत गर्नाले मनुष्यको सब दुःख छुट्छ ॥ ६ ॥

भनी व्रतको बिधि आज्ञागरी तहाँ सत्यनारायण बुढाब्राह्मण अन्तरध्यान ह्वैबक्सीयो ॥ ७ ॥ तब ती ब्राह्मणले यो बिचार गरे कि त्यो व्रत म बढिया तरहले अवश्यै गरुँला जुन् वृद्ध ब्राह्मण कहिगये भनी रातभर निद्रा पनि परेन

विधानं च व्रतस्यापि विप्रायाभाष्ययत्नतः ॥ सत्यनारायणो वृद्धस्तत्रैवान्तरधीयत ७ तदहं संकरिष्यामि यदुक्तंब्राह्मणेनवै इतिसंचिन्त्यविप्रोसौरात्रौनिद्रांनलब्धवान् ८ ततःप्रातःसमुत्थायसत्यनारायणव्रतं॥करिष्य इतिसंकल्प भिक्षार्थमगमद्द्विजः ॥

एसैमा मग्न परि रात बिताया ॥ ८ ॥ फेरि बिहानउठी सत्यनारायणको व्रतगर्छु भनि मनले संकल्प गरी ती ब्राह्मण भिक्षा माग्न जादाभया ॥ ९ ॥

तेसदिन धेरैद्रव्य (धन) पायेतेसले भाइबन्धु साथमै सत्यनारायणको व्रत गर्दा भये ॥१०॥ सत्यनारायणको व्रतकोप्रभावले तीव्राह्मणको सब दुःखगयो

तस्मिन्नेवदिने विप्रः प्रचुरं द्रव्यमाप्तवान् ॥ तेनैव बन्धुभिः सार्धंसत्यस्याव्रतमाचरत ॥ १० ॥ सर्वदुःख विनिर्मुक्तः सर्व संपत्समन्वितः ॥ वभूवसाद्विजश्रेष्ठो व्रतस्यास्यप्रभावतः ॥११॥ ततः प्रभृतिकालंचमासि मासि व्रतंकृतम् ॥ एवं नारायणस्येदं व्रतंकृत्वा द्विजोत्तमः ॥ १२ ॥

र धनधान्य संपतिबालाभये ११ फिरिपनीतीब्राह्मण मैन्हाकोमैन्हा सत्यनारायणको व्रतगर्दाभयेती ब्राह्मणोत्तम शतानन्दएसू सत्यनारायणको व्रतगर्नाले ॥ १२ ॥

सम्पूर्ण पाप देखिन् छुटी दुलर्भ कैल्हे नपाइ सकिने मोक्षकन पाउँदाभये हेनारदजी जब मनुष्य सत्यनारायणको व्रत बिधिले गर्छ ॥ १३ ॥ तब सो मनुष्यको दुःख दूर होला भनी नारायणले महात्मा नारदलाई आज्ञा गर्दाभये

सर्वपाप विर्निमुक्तोदुलर्भं मोक्षमाप्तवान् ॥ ब्रतमस्ययदाविप्र पृथिव्यांसंकरिष्यति ॥ १३ ॥ तदैव सर्वदुःखं च मनुष्यस्य विनश्यति ॥ एवं नारायणेनोक्तं नारदाय महात्मने ॥ १४ ॥ मया तत् कथितं विप्राः किमन्यत् कथयामिवः ॥

॥ १४ ॥ सोही ब्रत हे शौनक ब्राह्मणहो मैले तपाञिहरुलाइ सुनाञा अब अरू के कथा भनु भनी सूतजीले भन्या ॥ इति तृतीयोऽध्यायः ॥ ३ ॥

ऋषिशौनकादि भन्दछन् ॥ हेमुनीसूतजी ! फेरी ती ब्राह्मणको पछि यो ब्रत
पृथ्वीमा कस्ले सुन्यो कस्ले गर्‍यो यो संपूर्ण सुन्नाकन हामि चाहन्छौ किनभने क०
हाम्रो श्रद्धा नौकै बढदै आयो ॥ १ ॥ भनी ऋषीहरुले भन्दासुतजी भन्दछन् तिनै

ऋषयऊचुः ॥ तस्माद्विप्राच्छ्रुतंकेनपृथिव्याचरितंमुने ॥ तत
सर्वंश्रोतुमिच्छामः श्रद्धास्माकंप्रजायते ॥ १ ॥ सूतउवाच ॥
शृणुध्वं मुनयःसर्वे ब्रतं येनंकृतं भुवि ॥ एकदा स द्विजवरो
यथाविभव विस्तरः ॥ २ ॥ बन्धुभिः स्वजनैःसार्धंब्रतंकर्तुंसमु
द्यतः ॥ एतस्मिन्नंतरेकाले काष्ठक्रेता समागमत ॥३॥ १८

शतानन्दद्विज श्रेष्ठ एकदिन यथाऐश्वर्यविस्तारले २ भाईबन्धुको साथसत्यनारायण
को ब्रत गर्न तैयार भयेका थिया तेसै बेलामा दाउराबेच्ने दाउरा ली आयो ॥३॥

त्यो दाउरा बाहिर राखी ब्राह्मणका घर भित्र तिर्खाले ब्याकुल भयेको दाउरावाले ब्राह्मणलाइ ब्रतगरेको देखी ॥ ४ ॥ ब्राह्मणलाई दण्डवत् गरी बिंतीगर्‍यो यो तपाञिले के गरेको यो गर्नाले के फल हुन्छ सो हेब्राह्मण विस्तारले मलाई कहनु

बहिःकाष्ठंचसंस्थाप्यविप्रस्यगृहमाययौ॥ तृष्णया पीडितात्मा चहष्ट्वाविप्रंकृतब्रतं ॥ ४ ॥ प्रणिपत्याद्विजंप्राहकिमिदंक्रियते त्वया ॥ कृते किं फलमाप्नोति विस्तराद्वदमे प्रभो ॥५॥ विप्र उवाच सत्यनारायणस्येदं ब्रतं सर्वेप्सितप्रदम् ॥ तस्य प्रसादान्मे सर्व धन धान्यादिकंमहत् ॥ ६ ॥

होस् ५ भनी भन्दा ब्राह्मण भन्दछन् यो सब मनकामना पूर्णगर्ने सत्यनारायणको ब्रत गर्नेलागेको तिन्को प्रसन्नताले यो मेरा घरमा धन धान्य ठुलो ऐश्वर्य भयेको होइ

भनी सुन्दा तेस् दाउरेले व्रतको प्रभाव जानी पानी पीई प्रसाद खाइ शहरमा गयो ॥ ७ ॥ सत्यनारायण प्रभुको चिन्तनागरी यो मनमा लियो कि जति दाउरा

तस्मादेतद्व्रतंज्ञात्वा काष्ठकेतातिहर्षितः ॥ पपौजलंप्रसादञ्च भुक्त्वा च नगरं ययौ ॥ ७ ॥ सत्यनारायणंदेवं मनसा इत्य चिन्तयत ॥ काष्ठंविक्रयता ग्रामे प्राप्यतेचाद्ययद्धनम् ॥ ८ ॥ तेनैवसत्यदेवस्य करिष्ये व्रतमुत्तमम् ॥ इति संचिन्त्य मनसा काष्ठं कृत्वातु मस्तके ॥ ९ ॥

गाउमा बिकछ तेस् धनले ॥ ८ ॥ सत्यनारायण देवको उत्तम व्रत गरुला भनी मनले चिताई कपालमा राखी ॥ ९ ॥

रमणीय नगरमा गयो धनीहरुको बस्तीवाट तेसूदिन दुगना मोल पायो ॥१०॥
र खुशी भै तेस् दाउरेले रामृा पाकेको केरा सख्खर घ्यू दुध गहुँको पिठो ॥११॥

जेगाम नगरेरम्ये धनिनां यत्रसंस्थितिः॥ तद्दिने काष्ठमूल्यं
च द्विगुणं प्राप्तवानसौ ॥ १० ॥ ततःप्रसन्नहृदयः सुपक्वंकदली
फलम् ॥ शर्कराघृतदुग्धानि गोधूमस्य च चूर्णकम् ॥ ११ ॥
कृत्वैकत्रसपादं चगृहीत्वास्वगृहंययौ ॥ ततौबन्धून्समाहूयचका
रविधिनाव्रतम् ॥ १२ ॥

ई सब सवासेर मिलाई लीकन घरमा आयी भाई बन्धुलाई बोलायी यथा
विधिले व्रत गर्‍यो ॥ १ ॥

स० तेस व्रतका प्रभावले त्यो दाउराबेच्नेवाला धनधान्य छोरा छोरीले युक्तभै क०
२० यस् लोकमा सुख भोग गरी अन्तकालमा सत्यनारायणको लोक वैकुण्ठमा

तद्व्रतस्यप्रभावेण धनपुत्रान्वितोभवत् ॥ इहलोके सुखंभुक्त्वा चांतेसत्यपुरंययौ ॥ १३ ॥

जाँदोभयो ॥ १३ ॥

इति श्रीस्कन्दपुराणे रेवाखण्डे सत्यनारायण कथायां चतुर्थोऽध्यायः ॥ ४ ॥ २०

इति श्रीसत्यनारायणकथा गोरखाभाषानुवादे चतुर्थोऽध्यायः ॥ ४ ॥

श्रीसूतजी भन्दछन् ॥ फेरी पनी अरु वृत्तान्त वर्णन गर्दछु हे शौनकादि ऋषिश्रेष्ठ हो तपाञिहरू सुन्नुहोस् पैल्हे एक उल्कामुख नाम गरेका राजाथिया

सूतउवाच ॥ पुनरन्यत्व प्रवक्ष्यामि शृणुध्वं मुनिसत्तमाः ॥ पुराचोल्कामुखो नाम्ना नृपश्चासीन्महीपतिः ॥१॥ जितेन्द्रियः सत्यवादी ययौदेवालयं प्रति ॥ दिने दिने धनंदत्वा द्विजान्सं तोषयन्सुधाः ॥ २ ॥

॥ १ ॥ ती राजा जितेन्द्रिय सत्यबादी थिया ती सुबुद्धिमान् राजा देवस्थानमा गयी ब्राह्मणहरूलाइ सधै धन दी प्रसन्न गराउँदथे ॥ २ ॥

तिंकी प्रमुग्धा नामगरेकी रानी थिइन् तिंको मुख कमल सदृश थियो रूपवती
२१ पतिव्रता थिइन राजा भद्रशीलानदीका तीरमा सत्यनारायणको व्रत गर्दथे ॥ ३ ॥
तेसै बखतमा ताहाँ एक साधुबनिञा आयो व्यापारका वास्ते जस्ले अनेकप्रकारका

भार्यातस्य प्रमुग्धा च सरोजवदनासती ॥ भद्रशीलानदीतीरे
सत्यस्यब्रतमाचरत् ३ एतास्मिन्नंतरे तत्रसाधुरेकःसमागतः ॥
वाणिज्यार्थं बहुधनैरनेकै परिपूरितां ॥ ४ ॥ नावंसंस्थाप्यतत्तीरे
जगामनृपतिंप्रति ॥ दृष्ट्वासव्रतिनं भूपं प्रपच्छ बिनयान्वितः

बहुमूल्य द्रव्यले गरिकन भरिएको ॥४॥ आफ्नु नाउ (डुंगा) लाई तीरमा राखि
आफु राजाका नजीकमा गयोव्रतीव्रत गर्नलागेकाराजालाई हेरिनम्रभैकनयोसोध्यो

बनिआ भन्दछ हेराजन ! यो हजुरले भक्ति युक्त चित्तले क्या गरिबक्सीयेको यो मेरा अगाडि प्रकाश गरि बक्सियोस् म बढिया तरहले सुन्न चाहन्छु ॥ ६ ॥

साधुरुवाच ॥ किमिदं कुरुषे राजन भक्तियुक्तेन चेतसा ॥ प्रकाशंकुरुतत्सर्वं श्रोतुमिच्छामि सांप्रतम् ॥ राजोवाच ॥ पूजनंक्रियते साधो विष्णोरतुलतेजसः ॥ व्रतंच स्वजनैः सार्धं पुत्राद्यावाप्तिकाम्यया ॥ ७ ॥

भनी बनिआले भन्दा राजाभन्छन् हे साधुबनिआ ! यो अतुल तेजवाला विष्णुको पूजागरिन्छ आफ्ना परिवारले साथ तिन्को व्रत पुत्रादिकको प्राप्तिको वास्ते गरेको

स० भनी राजाको बचन सुनी साधुवैश्य आदरसहित्ले भन्छ हे राजन् ! त्यो संपूर्ण
कहि बक्सियोस हजुरलेआज्ञागरेको सबशोक गर्दछु ॥८॥ मेरा पनी संतान छैनन् क०
२१ तसर्थ यस्को प्रभावले निश्चय सन्तान होला भनि बनिञाले आफ्नू काम सकी

भूपस्यवचनं श्रुत्वासाधुः प्रोवाचसादरम् ॥सर्वंकथय मेराजन् करिष्येऽहंतबोदितम्८ममापिसंततिर्नास्तिएतस्मज्जायतेध्रुवम् ततोनिवृत्यवाणिज्यात्सानन्दोगृहमागतः ९ भार्यायैकथितंसर्वं व्रतंसन्ततिदायकम्॥तदाव्रतंकरिष्यामियदामेसन्ततिर्भवेत १० २२

आनन्दभै घर आयो ॥ ९ ॥ संपूर्ण बृत्तान्त सन्तानदाता सत्य नारायणको व्रतको प्रभाव आफ्नि बनिञानिलाई सुनाउदोभयो मेरो सन्तान भयेपछि व्रत गरूँला ॥

भनी साधु श्रेष्ठवनिजाले आफ्नि स्त्रीलाई भन्यो एक दिन पतिव्रता वनिजानि लीलावती ॥ ११ ॥ पतिले संयुक्त आनन्द चित्तवाली भगवद्धर्ममा परायण ती

इतिलीलावतिं प्राह स्वपत्नीं साधुसत्तमः ॥ एकस्मिन् दिवसे तस्य भार्या लीलावती सती ॥ ११ ॥ भर्तृयुक्तानन्दचित्ताऽभवद्धर्मपरायणा ॥ गर्भिणी सा भवत्तस्य भार्यासत्यप्रसादतः ॥ १२ ॥ दशमेमासिवैतस्याः कन्यारत्नमजायत ॥ दिनेदिने सावबृधे शुक्लपक्षे यथाशशी ॥ १३ ॥

सत्यनारायणका प्रसन्नताले गर्भवती हुँदीभई १२ दसौ मैन्हामा तेस्को रत्न स्वरूप छोरी जन्मी त्यो दिन पर दिन बढन लागी कि जस्तै शुक्ल पक्षमा चंद्रमा बढ्छन्

तेस्को कलावती नाम राखे लीलावती आफ्ना स्वामी सँग मधुर वचन बोली ॥१४॥ पहिले संकल्प गरेको व्रत किन गर्नु हुन्न भनी भन्दा साधु बनिआ भन्छ

नाम्ना कलावतीचेति तन्नामकरणंकृतम् ॥ ततो लीलावती प्राह स्वामिनं मधुरंवचः ॥१४॥ न करोषिकिमर्थंवैपुरासंकल्पितंव्रतम् ॥ साधुरुवाच ॥ विवाहसमयेत्वस्याः करिष्यामिव्रतंप्रिये ॥ १५ ॥ इतिभार्यांसमाश्वास्यजगामनगरंप्रति ॥ ततःकलावती कन्या ववृधेपितृवेश्मनि ॥ १६ ॥

हेप्यारी छोरीको विवाहका समयमा गरूँला ॥ १५ ॥ भनी बुझायी शहरमा आफु कामविषे गयो त्यो कन्या आफ्नू बाबुका घरमा बढ्दी भई ॥ १६ ॥

साधु वैश्यले आफ्नी छोरीलाई सँगीनी हरुका साथ समर्थ (विवाह योग्य) देखि सल्लाह गरि धर्म जान्ने साधुले नगरमा चाँडै न एक दूत पठाउँदो भयो ॥१७॥ हे दूत ! तिमी यो छोरीको विवाह गर्ना निमित्त वढिया बर बिचारी ल्याउ

दृष्ट्वाकन्यांततः साधुर्नगरेसखिभिःसह॥ मंत्रयित्वान्दुतंद्रुतं प्रेषयामासधर्मवित १७विवाहार्थं च कन्यायावरं श्रेष्ठं विचारय तेनाज्ञतश्चदूतोसौकाञ्चनंनगरंययौ ॥१८॥ तस्मादेकंबणिक्पुत्रं समादायागतोहिसः॥दृष्ट्वातुसुंदरंबालंबणिक्पुत्रंगुणान्विम् १९

भनी आज्ञा सुनी त्यो दूत कांचननगरमा गयो ॥ १८ ॥ एक बनिआको छोरो ल्यायो त्यो सुन्दर बालक गुणी वैश्यपुत्रलाई देखिकन ॥ १६ ॥

स० जातभाईहरूले साथभइ तेस बैश्यलाई शास्त्रविधिले कन्यादान गर्‍यो ॥ २० ॥
तै पनी भाग्यबशले तेस वनिञाले उत्तम ब्रतलाई बिर्स्यो बिहा भैसकेर पनिगरेन क०

२४ ज्ञातिभिर्बन्धुभिः सार्धंपरितुष्टेनचेतसा॥ दत्तवान्श्रीमतेसाधुः
कन्यांविधिविधानतः ॥ २० ॥ ततोभाग्यवसात्तेनाविस्मृतंब्रत
मुत्तम् ॥ विवाहसमयेतस्यास्तेनरुष्टोऽभवत्प्रभुः ॥ २१ ॥ ततः
कालेननियतोनिजकर्मविशारदः ॥ बाणिज्यार्थंगतः शीघ्रजामा
त्रासहितोबणिक् ॥ २२ ॥ २४

तेस्कारणले सत्यनारायण प्रभु रिसाउँदाभये ॥२१॥ तब नियमयुक्त आफ्नुकार्यमा
चतुरो त्यो वैश्य केहि कालपछि बेपार गर्ना निमित्त ज्वाञि साथली गयो ॥२२॥

रमणीय रत्नसारपुरमा गयी समुद्रका तीरमा त्यो वैश्य भाग्यवान् ज्वाँञिका साथ बेपारगर्नलाग्यो ॥ २३ ॥ ती दुई रमणीय चन्द्रकेतु राजाका नगरमा गये

रत्नसारेपुरेरम्ये गत्वा।सिन्धु समीपतः ॥ वाणिज्यमकरोत्साधु र्जामात्रा श्रीमतासह ॥२३॥ तौगतौनगरेरम्येचन्द्रकेतोर्नृपस्य च ॥ एतस्मिन्नेवकालेतुसत्यनारायणःप्रभु ॥२४॥ भ्रष्टप्रतिज्ञ मालोक्यशापंतस्मैप्रदत्तवान् ॥ दारुणंकठिनं चास्य महद्दुःखं भविष्यति ॥ २५ ॥

तेस् बखत् सत्यनारायण प्रभुले ॥ २४ ॥ झुठो संकल्प देखि तेस् बनिञालाई ठुलो दुःख होला भनि श्रापदिया ॥ २५ ॥

एकदिन चोरले राजाको धन चोरीगरी जहाँ बनिआ थिया तहाँ आया ॥२६॥
समात्न दौडि आयाका दूतहरूलाई देखि डराइ त्यो धन बनिआका नजिकै छोडि ५०

एकस्मिन्दिवसे राज्ञो धनमादाय तस्करः ॥ तत्रैवचागतश्चै
ववणिजौ यत्र संस्थितौ ॥ २६ ॥ तत्पश्चाद्धावकान्दूतान्दृष्ट्वा
भीतेनचेतसा ॥ धनंसंस्थाप्य तत्रैव सतुशीघ्रमलक्षितः ॥२७॥
ततोदूताःसमायाता यत्रास्तेसज्जनोवणिक् ॥ दृष्ट्वानृपधनंतत्र
बध्वानीतौवणिक्सुतौ ॥ २८ ॥ २५

चोर लुक्यो ॥ २७ ॥ राजदूत तहीं आये जहाँ ति सज्जन बनिआ वसेका थिया
वहाँ धन देखि ति दुइ बनिआलाई बाँधि पाताकसि लगे ॥ २८ ॥

दगुर्दैंराजाका हजुर्माआई खुशीभै भन्नलागे हेप्रभु दुइचोर पक्रडि ल्यायौं ॥ इन्लाई हरि आज्ञागरिबक्सीयोस् २९ भनीदूतका बचन सुनि राजाले आज्ञादिए राजाको आज्ञालीदुइ बनिञालाई बलियो गरिपाता कसिभारि झ्यालखानमा केहीबिचार न

हर्षेण धावमानाश्च ऊचुर्नृप समीपतः ॥ तस्करौद्वौसमानीतौ विलोक्याज्ञापयप्रभो २९ राज्ञाज्ञप्तास्ततःशीघ्रंदृढंबद्ध्वा तु तावुभौ ॥ स्थापितौद्वौमहादुर्गे कारागारेऽविचारतः ३० माययासत्य देवस्यनश्रुतंकैस्तयोर्वचः अतस्तयोर्धनंराज्ञागृहीतंचन्द्रकेतुना

गरि हाल्दाभये ३० सत्यनारायण देवताका मायाले कसैलेपनी ती बनिञाको कुरो सुनेनन् सत्यनारायणका क्रोधकाभावले चंद्रकेतुराजाले बनिञाकोधनपनि सर्वस्वगरे॥

तिन्काश्रापले गरिकनघरमा पनिबनिञाका स्वास्निहरुलेअत्यन्त दुःखपाये घरमा भयेकोधन पनिचोरलेचोऱ्यो ॥३२॥ चिंताले र रोगले दुःखपायेकी बनिञाकी छोरी

तच्छापाच्चतयोर्गेहेभार्याचैवातिदुःखिता चौरेणापहृतंसर्वंगृहेयच्चस्थितंधनम् ॥ ३२ ॥ आधिव्याधि समा युक्ताक्षुत्पिपासातिदुःखिता ॥ अन्नचिन्तापराभूत्वाबभ्राम च गृहे गृहे ॥ ३३ ॥ कलावती तु कन्यापि वभ्राम प्रतिवासरम् ॥ एकस्मिन्दिवसे जाता क्षुधार्ताद्विजमन्दिरम् ॥ ३४ ॥

कलावतीपनि अन्नकाचिंतामा परायण भै दिन २ घर २ घुम्नलागी ३३ एकदिन त्यो कलावतीक्षुधाले दुःखपाई ब्राह्मणकाघरमा गईरसत्यनारायणको व्रतदेखि ३४

तहाँ वसि कथा सुनि बरमागि प्रसाद खाइ रातपरेपछि घरमा आई ॥ ३५ ॥
आमा लीलावतीले छोरीलाई प्रेमयुक्त भै भन्नलागी हे छोरी रातमा तँ कहाँ

गत्वापश्यत्व्रतंतत्रसत्यनारायणस्य च ॥ उपविश्यकथांश्रुत्वा
वरंप्रार्थितवत्यपि ॥३५॥ प्रसाद भक्षणंकृत्वाययौरात्रौगृहंप्रति।
माताकलावतींकन्यांकथयामास प्रेमतः ॥ ३६ ॥ पुत्रिरात्रौ
स्थिताकुत्राकिं ते मनसि वर्तते ॥ कन्या कलावतीप्राह मातरं
प्रतिसत्वरम् ॥ ३७ ॥

थिइस् तेरा मनमा के छ ॥ ३६ ॥ भनी आमाले भन्दा छोरी कलावती भन्दछे
हे आमा ब्राह्मणका घरमा एक दृढ वाञ्छा सिद्धि हुन्या व्रत देखें ॥ ३७ ॥

भनी छोरीले भनेको सुनी बनिञाकी स्त्री लीलावती पनी हर्षले सत्यनारायणको
व्रतगर्नाकन तत्परभई ॥ ३८ ॥ तेस् पतिब्रताले भाई बन्धु साथ भै व्रत गरि मेरा
पति ज्वाञि समेत् नीकाआनन्नद साथ घर आउन् ॥३९॥ हेसत्यनारायणप्रभो!
छिजालयेब्रतंमातर्हष्ट्वावाञ्छितसिद्धिदम्॥तच्छ्रुत्वाकन्यका
वाक्यंब्रतंकर्तुंसमुद्यता ३८ सामुदातुवणिग्भार्यासत्यनारायण
स्यच॥ब्रतंचक्रेसैवसाध्वीब्रन्धुभिःस्वजनैःसह३९भर्तृजामातरौ
क्षिप्रमागच्छेतांस्वमाश्रमम्॥अपराधंचमेभर्तुर्जामातुक्षंतुमर्हसि
मेरा पति ज्वाञिको अपराध हजुर क्षमागरि बक्सिनै योग्य छै बक्सिन्छ भनी
ब्रतगर्दा सत्यनारायण स्वामि फेरि प्रसन्न हुँदाभये ॥ ४० ॥ २७

राजाश्रेष्ठ चन्द्रकेतुलाई यो स्वप्ना दीये हे राजा ई बनिआलाइ झ्यालखानदेखि चाँडोभोली (विहानै) छोडिदेउ ई चोर ठहैनन ॥ ४१ ॥ इन्को हालमा सर्ब स्वगरेको धन देउ न दिये म राज्य धन छोरो समेत् तिमिलाई नष्टगरूला ॥४२॥

व्रतेनानेनतुष्टासौसत्यनारायणः पुनः ॥ दर्शयामासस्वप्नंहि चन्द्रकेतुनृपोत्तमम ४१ बन्दिनौमोचयप्रातर्बणिजौ नृपसत्तम ॥ देयंधनंचतत्सर्वंगृहीतंयत्त्वयाधुना ॥ नोचेत्वांनाशयिष्यामिसराज्यधनपुत्रकम् ॥ एवमाभाष्यराजानंध्यानगम्योभवत्पुनः ४३

भनी राजालाइ स्वप्नाना भनी प्रभु सत्यनारायण अन्तर्ध्यान भये राजाले विहानै आफ्ना मान्छेका साथ ॥ ४३ ॥

भनी छोरीले भनेको सुनी बनिआकी स्त्री लीलावती पनी हर्षले सत्यनारायणको ब्रतगर्नाकन तत्परभई ॥ ३८ ॥ तेस् पतिब्रताले भाई बन्धु साथ मै ब्रत गरि मेरा पति ज्वाइँ समेत् नीकाआनन्नद साथ घर आउन् ॥३९॥ हेसत्यनारायणप्रभो !

द्विजालयेब्रतंमातर्दृष्टंवावाञ्छितासिद्धिदम्॥तच्छ्रुत्वाकन्यका वाक्यंब्रतंकर्तुंसमुद्यता ३८ सामुदातुवणिग्भार्यासत्यनारायण स्यच॥ब्रतंचक्रेसैवसाध्वीबन्धुभिःस्वजनैःसह३९भर्तृजामातरौ क्षिप्रमागच्छेतांस्वमाश्रमम्॥अपराधंचमेभर्तुर्जामातुःक्षंतुमर्हसि २७

मेरा पति ज्वाइँको अपराध हजुर क्षमागरि बकिसनै योग्य छै बकिसन्छ भनी ब्रतगर्दा सत्यनारायण स्वामि फेरि प्रसन्न हुँदाभये ॥ ४० ॥

राजाश्रेष्ठ चन्द्रकेतुलाई यो स्वप्ना दीये हे राजा ई बनिआलाइ झ्यालखानदेखि छाँडोभोली (बिहानै) छोडिदेउ ई चोर ठहैनन ॥ ४१ ॥ इन्को हालमा सर्व स्वगरेको धन देउ न दिये म राज्य धन छोरो समेत् तिमिलाई नष्टगरूला ॥४२॥

ब्रतेनानेनतुष्टासौसत्यनारायणः पुनः ॥ दर्शयामासस्वप्नंहि चन्द्रकेतुनृपोत्तमम् ४१ बन्दिनौमोचयप्रातर्बणिजौ नृपसत्तम ॥ देयंधनंचतत्सर्वंगृहीतंयत्त्वयाधुना ॥ नोचेत्वांनाशयिष्यामिसराज्यधनपुत्रकम् ॥ एवमाभाष्यराजानंध्यानगम्योभवत्पुनः ४३

भनी राजालाइ स्वप्ना भनी प्रभु सत्यनारायण अन्तर्ध्यान भये राजाले बिहानै आफ्ना मान्छेका साथ ॥ ४३ ॥

स० सभामावसि आफ्नामान्छेलाइ आफुलेदेखेको स्वप्न सुनायारती बनिञा महाजन क०
लाई चाँडो छोड भनी हुकुम् दिया ॥४४॥ राजाको हुकंपाई नेल काटि महाजन
८ हरूलाई राजाका सभामा लगी नम्र भै भन्न लागे ॥ ४५ ॥ हे महाराज ! ई

ततः प्रभातसमयेराजाचस्वजनैःसह ॥ उपविश्यसभामध्ये
प्राहस्वप्नजनंप्रति ॥ ४४ ॥ बद्धौमहाजनौशीघ्रमोचयद्धौवणिक्
सुतौ ॥ इतिराज्ञोवचःश्रुत्वामोचयित्वामहाजनौ ॥४५॥ समा
नीय नृपस्याग्रेप्राहुस्तेविनयान्विताः ॥ आनीतौद्धौवणिक् पुत्रौ १८

वनिञा झ्यालखान वाट छोडाइ ल्यायौं भनी राजदूतले बिन्ती गरे तहाँ बनिञा
हरूले पनी राजा श्रेष्ठ चन्द्रकेतु लाइ नमस्कार गरी ।

पैल्हे का वृत्तान्त सम्झि डरले व्याकुल भयेका तिनले केहिं भन्न सकेनन् तवराजालें वैश्यपुत्र २ लाई देखि आदर साहित यो बचन भने ॥ ४७ ॥ कि

मुक्तौनिगडबन्धनात ४६ ततोमहाजनैनित्वा चन्द्रकेतुनृपोत्तम म् ॥ स्मरंतौपूर्ववृत्तान्त नोचतुर्भयविह्वलौ ॥४७॥ राजाबणि कसुतौवीक्ष्यवचः प्रोवाचसादरम् ॥ दैवात्प्राप्तंमहद्दुःखमिदानीं नास्तिवै भयम् ॥ ४८ ॥

तिमिहरूका प्रालब्धले यो महादुःख पायौ अब तिमिहरू केहि डर न मान भनी राजाले तिन्का नेल हतकडी गलफन्दिकटाइ कपाल खौराइ ॥ ४८ ॥

लुगागहना दिंई खुशी तुल्याई राजाले ति बनिआहरूलाइ साम्ने राखिमीठा
बचनले अत्यन्तखुशी तुल्याउदाभये ॥ ४८ ॥ आफुले सर्वस्व गरेको धन दुगुन

तदानिगडसंत्यागंक्षौरकर्माद्यकारयत ॥ वस्त्रालंकारकं दत्वा
परितोष्यनृपश्यचतौ ॥ ४९ ॥ पुरस्कृत्यबणिकपुत्रौ वचसातोष
यद्भृशम् ॥ पुरानीतंतुयद्द्रव्यंद्विगुणीकृत्यदत्तवान् ॥ ५० ॥

तुल्याइ ती बनिआलाइ दिये हे साधुजन ! तिमिहरू अव आफ्ना घर जाउ भनी
राजाले भने ॥ ५० ॥

तिनिहरूले पनी राजालाई प्रणाम गरी हजुरका प्रसन्नताले जान्छौं भनी विदा

प्रोवाचतौ ततो राजा गच्छ साधो निजाश्रमम् ॥ राजानं प्रणिपत्याह गन्तव्यं त्वत्प्रसादतः ॥ इत्युक्त्वा तौ महावैश्यौ जग्मतुः स्वगृहं प्रति ॥ ५१ ॥

भै ती महाजन आफ्ना घरातिर हिंडे ॥ ५१ ॥

इति श्रीस्क० रेवाखण्डे सत्यनारायणकथायां पंच० ॥५॥

इति श्रीसत्यनारायण कथा गोरखाभाषामा पञ्चम अध्याय समाप्त भयो ॥

ख० सूत पौराणिक शौनकादि सँग भन्दछन् हे शौनकादि हो तब ती वैश्यहरू
मंगलाचार गरी शुभ यात्रा गर्दाभया ब्राह्मणहरूलाई धन बाँटि आफ्ना देशकन क०

३०

सूतउवाच ॥ यात्रां तु कृतवान्साधुर्मङ्गलाचार पूर्विकाम् ॥ ब्राह्मणाय धनंदत्वा तदातुनगरंययौ ॥ १॥ कियद्दूरंगते साधौ सत्यनारायणः प्रभुः ॥ जिज्ञासांकृतवान्साधो किमस्तितव नौस्थितम् ॥ २ ॥ ३०

हिंड्या ती वैश्य अलिक पर गयाका थिया तेसू बखत्मा दंडिस्वरूप सत्यनारायण आयी सोधे हे साधु ! तिमिहरूका नाउमा के छ ॥ २॥

भनि सुन्दा ती मस भयाका महाजनठट्टागरि हाँसि भन्न लागे हे दंडि ! किन सोध्यौ के तिमिलाइ मुद्रा (रूपया) चाहिन्छ ? ॥ ३ ॥ हाम्रा नाउमा ता पात लहराहरू छन् भनी भने त्यो निठुर बचन सुनी पात्पर्तिगरे होस् तिमीहरूले

ततोमहाजनोमत्तोहेलया च प्रहस्यवै ॥ कथंपृच्छसिभो दंडिन मुद्रांनेतुकिमिच्छसि ३ लतापत्रादिकंचैववसंतेतरणोमम॥निष्ठुरं चवचःश्रुत्वा सत्यं भवतुते वचः ॥४॥ एव मुक्त्वागतःशीघ्रंदंडी तस्य समीपतः ॥ कियद्दूरंततोगत्वास्थितः सिन्धुसमीपतः ५

भनेको साचै व्हैजावस् ॥ ४ ॥ भनी दण्डि चाँडै आफ्नु बाटो लागे महाजनहरू पनी अलिक पर समुद्रको किनारमा बास बसे ॥ ५ ॥

स० दण्डि गयेपछि आफ्नू नित्य कृया गरी ती बनिआले नाउ हलुका भै उत्रेको देखी परम आश्चर्य मान्दाभये ॥ ६ ॥ सो बनिआ आफ्ना नाउमा रह्याको माल क०
२१ गैन्ह लहरा पत्ता भयेको देखी मूर्छा भै पृथिवीमा गिर्दाभये तहाँपछि बाट विंफि

गतेदण्डिनि साधुश्च कृतनित्यक्रियस्ततः ॥ उत्थितांतरणीं दृष्ट्वाविस्मयंपरमंययौ ६ दृष्ट्वालतादिकंचैवमूर्छितोन्यपतद्भुवि लब्धसंज्ञो बणिकपुत्रस्ततश्चिन्तान्वितोभवत ७ तदातुदुहितुः कांतोबचनं चेदमब्रवीत॥किमर्थंक्रियतेशोकःशापोदत्तश्चदंडिना २१

बडो चिन्ता गर्दाभये ॥ ७ ॥ तहाँ छोरीका कान्ता अर्थात् ज्वाँईले किन शोक गर्नु हुन्छ यो ता दण्डिले श्राप दियाको हो ॥ ८ ॥

तिनै सबशोक गर्न सक्दछन् यस्मा सन्देह छैन तिन्को शरणमा गये हाम्रो मनोरथ पूर्ण होला ॥ ८ ॥ भनी ज्वाँइको बचन ली साधु बनिञा दण्डिकाशरण

शक्यतेतेनसर्वंहिकर्तुंचात्रनशंसयः अतस्तच्छरणंयामवांछितार्थोभविष्यति ॥९॥ जामातुर्वचनंश्रुत्वातत्सकाशंगतस्तदा ॥ दृष्ट्वाचदण्डिनं भक्त्यानत्वा प्रोवाचसादरं ॥१०॥ क्षमस्वचापराधं मे यदुक्तंतवसन्निधौ ॥ एवंपुनः पुनर्नत्वामहाशोकाकुलोऽभवत् ॥११॥ प्रोवाच वचनंदंडीविलपन्तंविलोक्यच ॥ मारोदीः

परी दण्डवत् गरी आदरपूर्वक यो भन्न लागे कि १० जो मैले हजुरका अगाडी भने सो क्षमागरिबक्सियोस् भनीव्याकुल भयी बारम्बार नमस्कारगरी बिलापगर्नलागे

त्यो देखी दण्डि भन्नलागे न रो मेरो बचन सुन मेरो पूजागर्ने इच्छा गर्दैनस्
मेरो पूजा गरूँला भनेको बिर्सिस् ॥ १२ ॥ हे दुष्ट बुद्धे ! मेरो आज्ञाले तँलाई क०
बारम्बार दुःख भयो भनी भगवान्को बचन सुनी स्तुतिगर्न लाग्यो ॥ १३ ॥ साधु

शृणुमेवाक्यं मम पूजाबहिर्मुखः १२ ममाज्ञया च दुर्बुद्धेलब्धं
दुःखंमुहुर्मुहुः ॥ तच्छ्रुत्वाभगवद्वाक्यंस्तुतिंकर्तुंसमुद्यत ॥१३॥
साधुरुवा० ॥ त्वन्मायामोहिताः सर्वे ब्रह्माद्यास्त्रिदिवौकसः ॥
नजानन्तिगुणान्रूप तवाश्चर्यमिदंप्रभो ॥ १४ ॥ २२

वैश्य भन्दछन् हेप्रभो ! सत्यनारायण स्वामी हजुरका मायाले मोहभयाका ब्रह्मादि
देवता पनी हजुरका गुण र आश्चर्यकारक रूपलाई जान्दैनन् ता ॥ १४ ॥

म मूर्ख कसरी जानु हजुरका मायाले मोह भयेको म ऊपर प्रसन्न हैबकियोस् यथा येश्वर्य्य विस्तरले हजूरको पूजा गरूँला ॥१५॥ मेरो अस्तो पैल्हे धन थियो तस्तै गराइ बक्सियोस् हजूरका शरण आयेको मेरो रक्षागरि बक्सियोस् भनि

मूढोहंत्वांकथंजानेमोहितस्तव मायया॥ प्रसादपूजयिष्यामि यथाविभवविस्तरैः ॥१५॥ पुरावित्तंचतत्सर्वंत्राहिमांशरणागतं॥ श्रुत्वाभक्तियुतंवाक्यंपरितुष्टोजनार्दनः १६ वरंचवाञ्छितंदत्वातत्रैवान्तर्दधेहरिः ॥ ततोसौनावमारुह्य दृष्ट्वावित्तप्रपूरिताम् १७

भक्तियुक्तबचन सुनी फिरि पनी सत्यनारायण प्रभु प्रसन्न भये ॥१६॥ मनबांछित वर दी तहीं अन्तरध्यान भये वैश्य पनि धनले भरिएको नाउदेखि तेस्मा चढि १७

सत्यनारायणका कृपाले मेरो मनकांक्षा सिद्धभयो भनी आफना मान्छेका साथ यथायोग्य सत्यनारायणको पूजा गरी ॥ १८ ॥ सत्यनारायणका प्रसन्नताले त्यो

कृपयासत्यदेवस्य सफलंवाञ्छितंमम ॥ इत्युक्त्वास्वजनैः सार्धंपूजांकृत्वा यथाविधि ॥ १८ ॥ हर्षेणचाभवत्पूर्णःसत्यदेव प्रसादतः ॥ नावंसंयोज्ययत्नेनस्वदेश गमनंकृतम् ॥१९॥ साधुजांमातरंप्राहपश्यरत्नपुरींमम ॥ दूतंचप्रेषयामासनिजवित्तस्य रक्षकम् ॥ २० ॥

वैश्य खुशीले पूर्णभयी यत्नपूर्वक नाउ चलायी आफना नगर तिर जाँदाभयो १९ नगरदेखि जवाँजी सँग हाम्रा रत्नपुरी देखिन लाग्यो भनी चाकर दूत लाई पठायो

त्यो दूत नगरीमा गयो तेस्की स्त्रीका साम्ने हातजोरी प्रियबचन भन्नलाग्यो ॥ २१ ॥ ज्वाँइँले सहित् भै साहुजो यस शहरका नजिक आइपुग्नु भो साइ

दूतोसौ नगरंगत्वा साधुभार्या विलोक्यच ॥ प्रोवाच वाञ्छित वाक्यं नत्वा बद्धाञ्जलिस्तदा ॥ २१ ॥ निकटे नगरस्यैव जामात्रा सहितो वणिक् ॥ आगतो बन्धु वर्गैश्च वित्तैश्च बहुभिर्युतः ॥ २२ ॥ श्रुत्वा दूतमुखाद्वाक्यं महाहर्षवती सती ॥ सत्यपूजां ततः कृत्वा प्रोवा चतनुजां प्रति ॥ २३ ॥

वन्धुले सहित् धेरै धनले युक्त छन् ॥ २२ ॥ भनी दुतका बचन सुनी हर्षले लीलावती सत्यनारायणको पूजागरी छोरी कलावती सँग भन्नलागिन् ॥ २३ ॥

सत्यनारायणका कृपाले मेरो मनकांक्षा सिद्धभयो भनी आफना मान्छेका साथ यथायोग्य सत्यनारायणको पूजा गरी ॥ १८ ॥ सत्यनारायणका प्रसन्नताले त्यो

कृपयासत्यदेवस्य सफलंवाञ्छितंमम ॥ इत्युक्त्वास्वजनैः सार्धंपूजांकृत्वा यथाविधि ॥ १८ ॥ हर्षेणचाभवत्पूर्णःसत्यदेव प्रसादतः ॥ नावंसंयोज्ययत्नेनस्वदेश गमनंकृतम् ॥१९॥ साधु र्जामातरंप्राहपश्यरत्नपुरींमम ॥ दूतंचप्रेषयामासनिजवित्तस्य रक्षकम् ॥ २० ॥ ३.२

वैश्य खुशीले पूर्णभयी यत्नपूर्वक नाउ चलायी आफना नगर तिर जाँदाभयो १९ नगरदेखि ज्वाँआी सँग हाम्रा रत्नपुरी देखिन लाग्यो भनी चाकर दूत लाई पठायो

त्यो दूत नगरीमा गयो तेस्की स्त्रीका साम्ने हातजोरी प्रियबचन भन्नलाग्यो ॥ २१ ॥ ज्वाँञीले सहित् भै साहुजो यस शहरका नजिक आइपुग्नु भो भाइ

दूतोसौ नगरंगत्वा साधुभार्यां विलोक्यच॥ प्रोवाच वाञ्छित वाक्यं नत्वा बद्धाञ्जलिस्तदा ॥२१॥ निकटेनगरस्यैव जामात्रा सहितोवणिक्॥ आगतोबन्धु वर्गैश्चवित्तैश्चबहुभिर्युतः ॥२२॥ श्रुत्वादूतमुखाद्वाक्यंमहाहर्षवतीसती॥ सत्यपूजांततःकृत्वाप्रोवाचतनुजांप्रति ॥ २३ ॥

बन्धुले सहित् धेरै धनले युक्त छन् ॥ २२ ॥ भनी दुतका बचन सुनी हर्षले लीलावती सत्यनारायणको पूजागरी छोरी कलावती सँग भन्नलागिन् ॥ २३ ॥

म अघि जान्छु त चाँडो बाबूको मुख हेर्न आइज भनी आमाले भनी त्यो सुनि
व्रत सिध्यायी ॥ २४ ॥ प्रसाद न ली त्यो कलावती पनी आफ्ना पतिलाई हेर्न गई क०
प्रभुको प्रसादको हेलाँ गरेको हुँनाले सत्यनारायण रिसाएर तेस्को लोंम्ले बसेको नाउ

व्रजाशुशीघ्रमागच्छसाधुसंदर्शनायच ॥ इतिमातृवचः श्रुत्वा
व्रतंकृत्वासमाप्यच २४ प्रसादंचपरित्यज्य गता सापि पतिंप्रति
तेनरुष्टःसत्यदेवोभर्तारं तरणींतथा २५ संहृत्यचधनैःसार्धंजले
तस्यावमज्जयत् ॥ ततःकलावती कन्याचाविलोक्य निजंपतिम् ३४

॥ २५ ॥ सब धन माल समेत् समुद्रमा डुबाइदिये तहाँउप्रान्त कलावतीबालाले
आफ्ना पतिलाई न देखी ॥ २६ ॥

शोकमापरीतह्वाँ विलापगर्दै पृथिविमा गरी [धनसमेत्] ज्वाञीसमेत् डुबन लागेको नाउलाइ र अत्यन्त दुःखित् छोरीलाई देखि साधुवैश्य ॥२७॥ भयभीतभै

शोकेन महतातत्ररुदतीचापतद्भुवि ॥ दृष्ट्वा तथाविधां नावं कन्याञ्च बहुदुःखिताम् ॥२७॥ भीतेनमनसासाधुः किमाश्चर्यमभूदिदं॥चिन्त्यमानाश्चते सर्वेबभूवुस्तरिवाहकाः ॥२८॥ ततोलीलावतीकन्यादृष्ट्वासा विह्वलाभवत् ॥ विललापाति दुःखे नभर्त्तारंचेदमब्रवीत् ॥ २९ ॥

योके आश्चर्य भयाभनी मलाहहरूपनी चिंतागर्नलागे ॥२८॥ लीलावतीले आफ्नि छोरी कलावतीलाईहेरी अत्यंतदुःखीभै बिलापगरीरोई आफ्नापतिसँग भन्नलागी २९

ऐल्हे नाउ समेत् ज्वाईं किन देखिदैनन् ? कुन देवताका लीलाले यो नाउ हरियो जानियेन ॥ ३० ॥ सत्यनारायणको महात्म्य कस्ले जानिन्छ भनी फिरी

इदानींनौकयासार्धंकथंसोऽभूदलक्षितः ॥ नजानेकेनदेवेनहेलयाचैवसाहृता ॥३०॥ सत्यदेवस्यमाहात्म्यं ज्ञातुंवाकेनशक्यते इत्युक्त्वा विललापैव ततश्चस्व जनैःसह ॥३१॥ ततोलीलावती कन्यांक्रोडेकृत्वारुरोदह ॥ ततः कलावतीकन्यानष्टेस्वामिनि दुःखिता ॥ ३२ ॥

ना परिवार सहित् विलाप गर्नलागी ॥ ३१ ॥ लीलावती छोरीलाई काखमा लागी कलावती पनी आफ्ना नष्टभयेका पतिका शोकले ॥ ३२ ॥